नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

# Section I. Invitation for Sealed Quotation

## कार्यालय मसलन्द सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

(दोस्रो पटक प्रकाशित मिति:२०८०/०६/१८ गते)

यस मन्त्रालयको तपसिल बमोजिमको कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न नेपाल सरकारबाट ईजाजत प्राप्त, स्थायी लेखा नम्बर (PAN) वा मुल्य अभिवृद्धि कर (VAT)मा दर्ता भएका, कालो सूचिमा नपरेका इच्छुक फर्म/कम्पनीहरुबाट सिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वानका लागी मिति २०८०।०५।११ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएकोमा प्राप्त हुन आएका दरभाउपत्रहरुको आवश्यक कागजात संलग्न नभई सारभूतरुपमा प्रभावग्राही नभएको हुँदा यस मन्त्रालयको निर्णयानुसार उक्त दरभाउपत्र रद्द भएकोले देहाय बमोजिम पुन: दरभाउपत्र आह्वान गरिएको छ ।

१) सिलबन्दी दरभाउपत्र फाराम यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औं दिन अथार्त २०८०/०७/०२ गते (सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) साँझ ५:०० बजे कार्यालय समय भित्र यस मन्त्रालय बाट दस्तुर रु. १,०००।-(अक्षरुपी एक हजार मात्र ) तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।

२) प्रस्तावदाताले दरभाउपत्र फारम खरिद गर्न सम्बन्धित फर्म/कम्पनीको तर्फबाट निवेदन साथ उपलब्ध गराउने कार्यका लागि नेपाल सरकारबाट प्राप्त ईजाजत-पत्र, मूल्य अभिवृद्दि कर (VAT) मा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) तथा आ.व. २०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

३) प्रस्तावदाताले आफूले गर्न चाहेको कामको लागि सिलबन्दी दरभाउपत्र प्रस्तावको खामको बाहिर कामको विवरण, ठेक्का नं., कम्पनी/फर्मको नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख गरी दोस्रो पटक सुचना प्रकाशन भएको मितिले १६ औं दिन अर्थात २०८०।०७।०३ गते (सो दिन बिदा भएमा त्यसपछी कार्यालय खुलेको दिन) को १२:०० बजे समय भित्र यस मन्त्रालयको भण्डार शाखामा सिलबन्दी दरभाउपत्र दर्ता गरि सक्नुपर्ने छ ।

४) दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिन अथार्त २०८०।०७।०३ गते (सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिउसो १२:३० बजे रित पूर्वक दर्ता भएका प्रस्तावहरु कार्यालय प्रतिनिधि, दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पुगेको मानिने छैन ।

५) प्रस्तावदाताले दरभाउपत्र जमानत वापतको रकम,राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरबारको धरौटी खाता नं.१९६०१००१०२०३०००० मा (यस मन्त्रालयको कोड नं.३४३००३५०१) जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबर कुनै वाणिज्य बैङ्कबाट यस मन्त्रालयको नाममा जारी गरिएको सक्कलै बैङ्क जमानत पत्र पेश गर्नु पर्नेछ । उक्त जमानत पत्र दरभाउपत्र खोलेको मिति देखि ७५ दिन सम्मको मान्य अवधी भएको हुनुपर्नेछ ।

६) प्रस्तावदाताले दरभाउपत्रमा मूल्य अभिवृद्धी कर सहितको रकम उल्लेख गरी पेश गर्नुपर्नेछ । दर रेटमा अंक र अक्षरमा लेखिएको रकममा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइ सोही अनुरुप गरिने छ । केरमेट भएको ठाँउमा सहीछाप भएको हुनु पर्नेछ ।

७) सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने वा जुनसुकै समयमा रद्द गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

८) शर्त राखी पेश गरिएको, रित नपुगेको, अख्तियारीनामा नभएको तथा ढिलो गरी प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर (मू.अ.कर बाहेक) सम्बन्धित प्रस्तावदाताले स्वयं व्यहोर्नु पर्नेछ ।

१०) दरभाउपत्रमा भाग लिन फर्म अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको, ठेक्का सम्बन्धी पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २ (ङ) बमोजिमको घोषणापत्र प्रस्तावदाताले सिलबन्दी प्रस्ताव संगै पेश गर्नु पर्नेछ ।

११) सुचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनुका साथै कुनै संशोधन भएमा यस मन्त्रालयको सूचना पाटीमा सूचना टाँस गरी जानकारी गराईनेछ ।

१२) दरभाउपत्रको मान्य अवधी ४५ दिनको हुनेछ ।

१३) दरभाउपत्र सम्बन्धमा अन्य थप कुराहरु जानकारीको लागि यस मन्त्रालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | बैङ्क जमानत रकम रु. | जमानतको अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १ | **SQ/G/1/2080/81** | कार्यालय मसलन्द सामान खरिद कार्य | ३०,०००/- | सिलबन्दी दरभाउपत्र खोलेको मिति देखि ७५ दिन सम्मको | |

सम्पर्क व्यक्तिको नामः प्रेम बहादुर हिरोजक, सम्पर्क नं. – ०१-४२००५४५